# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नीलकण्ठ नगरपालिका
## धादिङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नीलकण्ठ नगरपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नीलकण्ठ नगरपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७८

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री नगर प्रमुखज्यू,

नीलकण्ठ नगपालिका, नगर कार्यपालिकाको कार्यालय,

धादिङबेसी, धादिङ ।

१. **कैफियत सहितको राय** - हामीले नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ४८ लाख ३९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२७ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२५ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.४६ लाख १७ हजार र पेश्की बाँकी रु.४७ लाख १५ हजार समेत रु.१ करोड ४६ लाख ३० हजार रहेको छ । नीलकण्ठ नगरपालिकाको गतवर्ष सम्म रु.९७ करोड २१ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.४२ करोड ५६ लाख २६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

नीलकण्ठ नगरपालिका,

धादिङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५४ | ९१ | १४८३९ | ० | २ | २०९ | ५४ | ८९ | १४६३० | २७७९ | ४६१७ | २५१९ | ० | ० | ७१३६ | ४७१५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ९७२१८७ | २६२०८४ | २९९१९२ | ४१०९११ | ८५ | १४६३० | ४२५६२६ |

**नोटः आर्थिक वर्ष २०७७।७८ मा रु.२६ करोड २० लाख ८४ हजार दोहोरो परेकोले समायोजन ।**

## ३. बेरुजु सम्परीक्षणको विवरण

<table>
<tr><th>क्र. सं</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको दफा</th><th>छोटकरी व्यहोरा</th><th>सम्परीक्षण भएको रकम</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">२०७९।८० (चालु वर्षको)</td><td>३५</td><td>पदाधिकारी दोहोरो सुविधा रकम असुल भई फस्यौंट</td><td>२०४००</td></tr>
<tr><td>५२</td><td>सामान बुझेको भर्पाई पेश भई फस्यौंट</td><td>१८८८१५</td></tr>
<tr><td></td><td>चालु वर्षको जम्मा</td><td></td><td></td><td>२०९२१५</td></tr>
<tr><td></td><td>गत विगत वर्षतर्फको</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="4"></td><td rowspan="4">२०७८।७९</td><td>५</td><td>बढि निकासा भएको रकम असुल भई पस्यौंट</td><td>९०००००</td></tr>
<tr><td>७</td><td>सेनिटरी प्याड विद्यालयहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश भई फस्यौंट</td><td>३९११६५७</td></tr>
<tr><td>१७</td><td>नियम विपरितको भुक्तानी रकम असुल भई फस्यौंट</td><td>४२५००</td></tr>
<tr><td>२१</td><td>निम्नानुसार विद्यालयहरुले आइसिटि ल्याव तथा पुस्तकालय स्थापना गरी प्रमाण पेश भई फस्यौंट
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बालमन्दिर मावि</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>पशुपति मावि</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>सरस्वती मावि</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>प्रकाश मावि</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>कुमारी देवी मावि</td><td>६५००००</td></tr>
<tr><td>६</td><td>मनरुपी मावि</td><td>६५००००</td></tr>
</table></td><td>४५०००००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ७ \| सुनौलो भैरबि मावि \| ६५०००० <br> **जम्मा:** \| **४५००००००** | |
| | | २९ | इनोभेटिभ इन्जिनियरिङ्गलाई नियमानुसार नहुने गरी भुक्तानी गरेको रकम असुल भई फस्यौंट | ५८०८७५ |
| | | ३८ | ससाह ज्यामिरे कृषि तथा पशुपालन समुहको पेश्की रकम बिल भर्पाई पेश भई फस्यौंट | ५०००० |
| | | ३८ | हरि कुमार श्रेष्ठको पेश्की रकम बिल भर्पाई पेश भई फस्यौंट | ३००००० |
| | | ३८ | मुरलीभन्ज्याङ्ग स्वास्थ्य चौकीको पेश्की रकम बिल भर्पाई पेश भई फस्यौंट | १५०००० |
| | | ५५ | दोहोरो निकासा भएको रकम असुल भई फस्यौंट | १०१०६१.४४ |
| | | ५६ | सामाजिक सुरक्षा रकम वितरण गरेको प्रमाण पेश भई फस्यौंट | ७०२१९७९ |
| | | ५७ | सामाजिक सुरक्षा पेश्की रकम वितरण गरेको प्रमाण पेश भई फस्यौंट | ४१२९१६५७ |
| | २०७७।७८ | १९.४ | पेश्की रकम दोहोरो परेकोले फस्यौंट | ९३४००० |
| | | २१.५ | ओ.एस. इन्जिनियरिङ्ग निर्माण सेवाले रनिङ्ग बिल र बिजक पेश गरेको आधारमा फस्यौंट | ७९६८५९४ |
| | | २२.२ | निर्माण व्यवसायीहरुले कार्य सम्पन्न र जिजक पेश गरेको आधारमा फस्यौंट | ८००१६४४ |
| | | ३७.३ | बढि दरको सहभागी भत्ता रकम असुल भई फस्यौंट | १६५०० |
| | | ३७.४ | कर कट्टी रकम प्रमाण पेश भई फस्यौंट | २५०५० |
| | | ४४.२ | बढि व्ययभार परेको रकम प्रमाण पेश भई फस्यौंट | ३१६००० |
| | | ५० | सामाजिक सुरक्षा पेश्की फस्यौंट भई प्रमाण पेश | २१७७४१७५४ |
| | २०७६।७७ | ८९ | तलब भत्ता बढि निकासा रकम असुल भई फस्यौंट | १०१९७३ |
| | | ९४ | पाठ्यपुस्तक बढि निकासा रकम असुल भई फस्यौंट | ३६४०३० |
| | | १०१ | दिवा खाजा बढि भुक्तानी रकम असुल भई फस्यौंट | ४६५४८०० |
| | | ११२.४ | घटि बिल भर्पाई रकम असुल भई फस्यौंट | १७६०० |
| | | १२० | बिल भर्पाई पेश भई फस्यौंट | १००००० |
| | | १२० | बिल भर्पाई पेश भई फस्यौंट | १००००० |
| | **गत विगतको जम्मा** | | | **२९९१९१६७४** |
| | **कुल जम्मा** | | | **२९९४००८८९** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ११९.८७ वर्ग किलोमिटर तथा ५८ हजार ५१५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** खापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३ देखि २०८०।६।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६५,९८,७९७।- असुल भई दाखिला भौचर पेश भएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | विभिन्न कर्मचारीहरुको कट्टा नभएको पारिश्रमिक कर , भ्रमण अवधिको बैठक भत्ता लगायतका अन्य रकम | १७७३९२ |
| २ | विद्यालयका शिक्षकहरुलाई बढि तलब निकासा भएको रु.६,८९,७७३।- र छात्रवृत्तिको कम भर्पाई पेश भएको रु.५९,०००।- | ७४८७७३ |
| ३ | कर दायित्व भुक्तानी | ९९१९८९ |
| ४ | भ्रमण अवधिको बैठक भत्ता | १७०० |
| ५ | कर्मचारी कल्याणकोष | ४०००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता बढी निकासा | ३१५१५० |
| ७ | बैठक भत्ता बढी भुक्तानी बापतको असुली रु. | ३४८५० |
| ८ | अनुदान फिर्ता | १९६५०० |
| ९ | बढि दिवा खाजा, बढि भुक्तानी | ९१३२९ |
| १० | राजस्व ढिला दाखिला | ४१११४ |
| **जम्माः** | | **६५९८७९७** |

## २ एकीकृत आर्थिक विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को एकीकृत आर्थिक विवरण निम्न बमोजिम रहेको छः

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | सि.नं | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४०६२०८०७८.५३ | १ | चालु खर्च | ७२३९२४३१२.४० | ७२३९२४३१२.४० |
| | क) नगद | | | २ | पूँजीगत खर्च | ४४७१३६०४७.०१ | ४४७१३६०४७.०१ |
| | ख) बैंक | ४०६२०८०७८.५३ | | ३ | अन्तर स्थानीय तहबाट प्राप्त | | ३१२५६५८२४.०० |
| २ | राजस्व ( आन्तरिक आय) | | १९८०३४६०४.८१ | | क) सामाजिक सुरक्षा | २९८२५७८२४.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) आन्तरिक राजस्व | ३७९७३६२९.०१ | | | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १००००००.०० | |
| | ख) राजस्व बाँडफाँड | १६००६०९७५.८० | | | ग) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १३३०८०००.०० | |
| | ग) अन्य आय | | | ४ | धरौटी फिर्ता | ३८६४८५५.८५ | ३८६४८५५.८५ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ७०५५८७८००.०० | ५ | कोष फिर्ता | ४८४३४३२६.०० | ४८४३४३२६.०० |
| | क) वित्तिय समानीकरण अनुदान | २३०१४००००.०० | | ६ | शसर्त अनुदान फिर्ता | ७२८२८८००.६९ | ७२८२८८००.६९ |
| | ख) सशर्त अनुदान | ४५९०६१०००.०० | | ७ | मौज्दात | | २०११७१५२३.३३ |
| | ग) समपूरक अनुदान | १६३८६८००.०० | | | क) बैंक मौज्दात | १४६२१६७४५.८९ | |
| | घ) विशेष अनुदान | | | | ख) धरौटी मौज्दात | १६५८५७५३.१० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ११४८६५०००.०० | | ग) कोष खाताको मौज्दात | ३७९६४०६६.३४ | |
| | क) वित्तिय समानीकरण अनुदान | २५७५९०००.०० | | | घ) प्र.व्य.कोष खाताको मौज्दात | ४०४९५८.०० | |
| | ख) सशर्त अनुदान | ५१७३४०००.०० | | ८ | कर फिर्ता बाँकी | ९९१९८९.०० | ९९१९८९.०० |
| | ग) समपुरक अनुदान | २९८७२०००.०० | | ९ | सशर्त फिर्ता बाँकी | १९६५००.०० | १९६५००.०० |
| | घ) विशेष अनुदान | ७५०००००.०० | | १० | चेक सटान नभएको रकम | ६६२७९७०.४८ | ६६२७९७०.४८ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ३१२५६५८२४.०० | | | | |
| | क) सामाजिक सुरक्षा | २९८२५७८२४.०० | | | | | |
| | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १००००००.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १३३०८०००.०० | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | ४१५९३३९६.०४ | ४१५९३३९६.०४ | | | | |
| ७ | धरौटी आय | ७८११९४४.०० | ७८११९४४.०० | | | | |
| ८ | अन्य विविध आय | ३१०७५५०१.३८ | ३१०७५५०१.३८ | | | | |
| | जम्मा | १८१७७४२१४८.७६ | १८१७७४२१४८.७६ | | जम्मा | १८१७७४२१४८.७६ | १८१७७४२१४८.७६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२८,३८,६६,२७६।-, आन्तरिक मामिला तथा कानुन मन्त्रालय कार्यक्रमको रु.१०,००,०००।- र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.१,३३,०८,०००।- समेत गरी रु.२९,८१,७४,२७६।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ३.२ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट

भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,३९,०३,१५३।४२ , यस वर्षको प्राप्ति रु.२९,८८,३४,४७५।३० यस वर्षको भुक्तानी रु.३७,८३,९८,६२६।३० र बैङ्क मौज्दात रु.९,३४,६७,३०४।३९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४२०१११२३१.९५ | १०९८३०८०४६.९३ | १२२३७८०४५१.१६ | २९४६३८८२७.७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४०६२०८०७८.५३ | १३९७१४२५२२.२३ | १६०२१७९०७७.४३ | २०११७१५२३.३३ |
| **फरक** | **१३९०३१५३.४२** | **-२९८८३४४७५.३** | **-३७८३९८६२६.३** | **९३४६७३०४.३९** |

## ३.३ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.४०,४४,७९,०००।- मौज्दात रहेकोमा यो वर्ष रु.४०,६२,०८,०७८।५३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७,२९,०७८।५३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ३.४ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३,२२,९१,९४७।८२, पुँजीगत खातामा रु.३,६६,९१,५४२।२५, आन्तरिक राजस्व खातामा रु.३,०९,४१,४१६।८०, राजस्व बाँडफाँड खातामा रु.१८,१५,२०७।६४ समेत रु.१०,१७,४०,११४।५१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२९,४४,६२,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२५,१०,५८,२३२।६२ अर्थात् अनुमान भन्दा १४.७४ प्रतिशत कम आय प्राप्त गरेको छ ।

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**५ रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ३५ योजना तथा कार्यक्रमको रु.११,३५,५९,९२६।- रकमान्तर गरेको छ । यसरी कारण बेगर रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

**६ आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

**७ बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**८ बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री दिपक विश्वकर्माले २०७९।३।८ गते रु.१ अर्ब ४८ करोड ८ लाख ५९ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७९।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ९ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | नगरपालिका पुँजीगत | ४४७१३७ | ५८१०५ | २३६४५ | १०३७८४ | २६१६०३ | १६५८५३ |
| | **खर्च प्रतिशत** | **१००.००** | **१२.९९** | **५.२९** | **२३.२१** | **५८.५१** | **३७.०९** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.४४ करोड ७१ लाख ३७ हजार नकिसा भएकोमा प्रथम त्रैमासिकमा रु.५ करोड ८१ लाख ५ हजार (१२.९९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ३६ लाख ४५ हजार (५.२९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१० करोड ३७ लाख ८४ हजार (२३.२१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२६ करोड १६ लाख ३ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड ५८ लाख ५३ हजार (३७.०९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० योजना तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ६९ | ५५४४९१२ |
| २ | रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना | ३२४ | ११७३६१८२७ |

| | | | |
|---|---|---|---|
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १५९ | १२७७६५९१७ |
| ४ | रु.१० लाख एकदेखि ३० लाख सम्मका योजना | ४९ | ५५३८०७०५ |
| ५ | रु.३० लाख भन्दा माथिका | ९ | १०६४३७१७७ |
| **जम्मा** | | **६१०** | **४१२४९०५३८** |

## ११ अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड ९७ लाख अबण्डा बजेट व्यवस्था गरेकोमा उक्त अबण्डा रकम कार्यपालिकाको २०७९।११।२१ को निर्णयबाट चालुतर्फ रु.५५,७२,०००।- र पुँजीगततर्फ रु.९१,३३,५९८।- बजेट व्यवस्था गरी खर्च गरेको छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## १२ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.२१,१७,३६,२५५।- हजार भुक्तानी दिएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

## १३ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## १४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १५ क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च /प्रतिशत |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | ४९७४६०८३८ | ३५९६१५२०७ | ३०.७१ |
| २ | आर्थिक विकास | १२०११४४४६ | ५०६८३२७९ | ४.३३ |
| ३ | सामाजिक क्षेत्र | ६६६८७२८७१ | ५६६४१४३६१ | ४८.३७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५२०२१५०० | २६३५७४८० | २.२५ |
| ५ | कार्य संचालन तथा प्रशासनिक खर्च | १८४०३३६०० | १६७९९००३२ | १४.३५ |
| **कुल जम्मा** | | **१५२०५०४२५५** | **११७१०६०३५९** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.३७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.२५ प्रतिशत रहेको छ ।

## १६ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३,७९,७३,६२९।०१ राजस्व बाँडफाँड र अनुदानबाट रु-१,०६,०९,९४,६१७।२२ समेत रू.१,०९,८९,६८,२४६।२३ आम्दानी भएकोमा चालु तर्फ रु-७२,३९,२५,३१२।४७ र पुँजीगत तर्फ रु-४४,७१,३६,०४७।०१ र वित्तीय व्यबस्था तर्फ रु-५,२७,२०,०९१।७५ समेत रु-१,२२,३७,८०,४५१।१६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रू.१,१४,०५,३३०।- खर्च भएको छ जुन आन्तरिक आयको ३०.०९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.८७ प्रतिशत चालु र ४०.६८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

## १७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सो कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

## १८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्ः

### बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १९ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३० ऐन, २ नियमावली, ५ कार्यविधि, ४७ निर्देशिका, ६ मापदण्ड र ६ अन्य कानुन तथा नीति समेत ९६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको १४ गरी कुल २३ विवाद दर्ता भएकोमा १७ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २१ म्याद नघाघेको पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार व्यक्ति तथा संस्थालाई रु.७,४०,९४३।- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि. नं. | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | म्याद ननाघेको पेस्की |
|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | ४९०९४३ |
| २ | सम्झना भण्डारी | २५०००० |
| जम्मा | | ७४०९४३ |

## २२ म्याद नाघेको पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै पक्षको कर्तव्य हुने उल्लेख छ । पालिकाले विभिन्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.६७,७०,७२२।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४२,४९,७७९।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेस्की रकम |
|---|---|---|
| १ | थोकर एण्ड योञ्जन कन्स्ट्रक्सन प्रा. लि. | ६००००० |
| २ | प्यालदोर हिमाल निर्माण सेवा | ६५९७६३ |
| ३ | प्यालदोर हिमाल निर्माण सेवा | ६४०००० |
| ४ | एच. बि. इन्फाटेक प्रा.लि. | ५५१००० |
| ५ | एच. बि. इन्फाटेक प्रा.लि. | ५५१००० |
| ६ | नेपाल विदुत प्राधिकरण | ३६२०७४ |
| ७ | नेपाल विद्युत प्राधिकरण | १९९९४२ |
| ८ | नेपाल विद्युत प्राधिकरण | ५५०००० |
| ९ | टंक प्रसाद उप्रेती | ५०००० |
| १० | रमेश पौडेल | ८६००० |
| जम्मा | | ४२४९७७९ |

| | |
|---|---|
| पेश्की | ४२,४९,७७९ |

## २३ धरौटी फिर्ता

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रकम फिर्ता गर्दा कर समायोजन पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| भौ.नं. र मिती | निर्माण व्यवसायीको नाम | रकम |
|---|---|---|
| २।२०७९।०४।०६ | ओ.एस. इन्जिनियरिङ निर्माण सेवा प्रा.ली | ११६००० |
| ११।२०७९।०८।२१ | वाइज मल्टिपर्जेज प्रा.ली | १९६००० |
| १२।२०७९।०८।२१ | वाइज मल्टिपर्जेज प्रा.ली | १७३०८२ |
| १४।२०७९।०८।२७ | कर्णाली मेडिकेयर प्रा.ली | २५७००० |
| १७।२०७९।०९।११ | कर्णाली मेडिकेयर प्रा.ली | १५७१२५ |
| २७।२०७९।१२।१४ | ग्रीन डिजाइन सोलुसन्स प्रा.ली | ६३२०६ |
| ४९।२०७९।०३।१३ | इन्जिनीयर्स एण्ड सर्भेयर्स एशोसिएट्स प्रा.ली | ६०००७ |
| ४९।२०७९।०३।१३ | नियात्रा कन्सल्ट प्रा.ली | ८७१०० |
| **जम्माः** | | **११०९५२०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,०९,५२० |

## २४ ढीलो राजस्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । साथै दफा २८(२) मा सोही दिन वा भोलिपल्ट दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न सकिने व्यवस्था छ । पालिकाले ९ नं वडाबाट रु.३,४८,५२०।- राजस्व ढिला दाखिला गरेकोले दश प्रतिशतका दरले हुने जरिवाना रु.३४,८५२।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,८५२ |

## २५ फोहोरमैला शुल्क

नेपालको संविधानको अनुसुची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा फोहरमैला व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको हुने उल्लेख छ । पालिकाले फोहोरमैला व्वस्थापन गरी आन्तरीक आयको स्रोतको रुपमा फोहोरमैला संकलन गरे वापत प्रत्येक घरबाट मासीक रु.२००।- र कार्यालयबाट मासिक रु.३००।- उठाउने गरी दोस्रो नगरसभाको प्रथम अधिवेशनबाट स्वीकृत गरी लागु गरेको छ । यस कार्यका लागी पालिकाले ९ जना कर्मचारी ज्यालादारीमा र पालिकाको २ जना ड्राइभर कार्यरत छन् । जसको लागि बार्षिक करीब रु. ३० लाख खर्च हुने देखिन्छ । नगरपालिकाको तथ्याङक अनुसार नगरपालिका भित्र २६७५ घरधुरी र ९६ वटा कार्यालयहरु रहेका छन् । नगरपालिकामा फोहोरमैला संकलनबाट वार्षिक करिब रु. ६७ लाख उठ्नुपर्ने देखिन्छ तर यस आ.व. ०७९/०८० मा रु. ३३ लाख ४ हजार ७ सय मात्र संकलन गरी राजस्व दाखिला गरेको छ । पालिकाको राजस्व संकलन हेर्दा ५०% भन्दा पनि कम राजस्व असुल गरेको देखिन्छ । आगामी बर्षमा पालिकाले सबै घरधुरी समावेश हुने गरी राजस्व संकलन गरी पालिकाको राजस्व वृद्धि गर्नेतर्फ ध्यान जानुपर्दछ ।

## २६ कर तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०००००० | ८८७९८३२ | १९५.९९ |
| घरजग्गा वहाल कर | ७०००००० | ६२११५६४।९९ | -११.२६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

## २७ अनुगमन भत्ता

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्य बापत भत्ता उपलब्ध गराउने व्यबस्था भएको देखिंदैन । पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई योजना तथा कार्यक्रम अनुगमन बापत प्रतियोजनाको रु.१,५००।- र रु.१,०००।- का दरले निम्नानुसारको अनुगमन भत्ता भुक्तानी गरेको देखियो । अनुगमन गरिएको योजनाहरु तथा कार्यक्रमको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको सुविधा भुक्तानी गर्दा पालिकालाई थप

व्ययभार पर्न गएको छ । यस प्रकारको खर्च रकम नियमसम्मत देखिएन । तसर्थ यस्तो खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं र मिति | विबरण | अनुगमन | भत्ता रकम |
|---|---|---|---|
| ५३३, ११।११ | विभिन्न योजना अनुगमन | नगर उप प्रमुख दिपक विश्वकर्मा लगायत २० जनालाई | १३९५५० |
| १४४, ७।१७ | विद्यालय अनुगमन | नारायण प्रसाद वाग्ले सहित ६ जनालाई | १०८००० |
| ९०४, २।२८ | वडा नं ४ का योजना | वडा अध्यक्ष हरि बहादुर श्रेष्ठ लगायत ७ जना | १५००० |
| ८९२, २।४ | वडा नं ९ का योजना | वडा अध्यक्ष राजन बराईली वडा सदस्य सुनिल थापा लगायत अन्य | २०००० |
| ९२७, २।११ | वडा नं ४ का योजना | वडा अध्यक्ष हरि बहादुर श्रेष्ठ लगायत ७ जना | १४००० |
| १०२७, ३।११ | वडा नं ६ का योजना | वडा अध्यक्ष भुपेन्द्र कुमार श्रेष्ठ लगायत ६ जना | २७००० |
| ९९५, ३।४ | सहकारी अभिमुखी कार्यक्रम | नगर प्रमुख लागायत ९ जनालाई | ९००० |
| १००९, ३।५ | फोहोर वर्गिकरण व्यबस्थापन तालिम | नगर प्रमुख लगायत ७ जनालाई | १०५०० |
| १०१६, ३।८ | फुटवल प्रशिक्षण कार्यक्रम | प्र प्र अ लगायत ४ जनालाई | १५००० |
| ५५७, ११।१५ | अतिरिक्त कृयाकलाप संचालन | नि प्र अ लगायत ६ जनालाई | ९००० |
| ४६३, १०।१६ | एकिकृत घुम्तिसेवा | वडा नं १ ५ ६ र १४ मा | १२००० |
| १२६, ७।२ | राजश्व व्यबस्थापन तालिम | नगर उप प्रमुख दिपक विश्वकर्मा लगायत ८ जनालाई | १०२०० |
| ६७, ६।११ | सिलाई कटाई तालिम | भुमिराज श्रेष्ठ लगायत २ जना | ३००० |
| ८८८, २।४ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | नगर प्रमुख लगायत ८ जनालाई | ३६००० |
| ७७३, १।६ | अतिरिक्त कृयाकलाप संचालन | नगर उप प्रमुख दिपक विश्वकर्मा लगायत ८ जनालाई | १२००० |
| ९७१, २।३० | क्षमता विकास कार्यक्रम | नगर उप प्रमुख दिपक विश्वकर्मा लगायत ४ जनालाई | १३५०० |
| **जम्मा** | | | **४५३७५०** |

## २८ कर रकम

आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यबस्था छ । पालिकाले भौ.नं ७५३।२०७९।१२।२९ मा अभिषेक ल फर्मलाई वडा नं २ को वडा कार्यालय भवन निर्माणमा परेको विबाद सम्बन्धमा अदालती कार्यमा बहस पैरवी

कामकाज गर्न मिति २०७८।५।९ को सम्झौता अनुसार मिति २०७९।१२।४ मा रु.६,८०,०००।- भुक्तानीमा मुल्य अभिबृद्धि करमा दर्ता भएको बिजक पेश नभएकोले १५ प्रतिशत कर कट्टा नगरी अग्रिम कर रु.१०,२००।- मात्र कट्टा भई भुक्तानी गरेको देखियो । तसर्थ उक्त भुक्तानी रकमको नपुग कर रु.९१,८००।- संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,८०० |

२९ **भ्रमण अवधिको बैठक भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । पालिकाले निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण अवधिको बैठक भत्ता भुक्तानी गरेको देखिएकोले उक्त दोहोरो सुविधा रकम असुल हुनुपर्ने रु.

| क.सं | भ्रमण गर्ने पदाधिकारी | बैठक संख्या | कर पछिको रकम |
|---|---|---|---|
| १ | प्र.प्र.अ दिनेशराज पन्त | ५ | ४२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

३० **होटेलमा बैठक**

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को बुँदा नं ३ को (९) मा सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, बैठक, अन्तरकृया जस्ता कार्यक्रम संचालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्नुपर्ने उल्लेख छ । पालिकालाई निम्न बमोजिकको बैठक होटलमा संचालन गरी भुक्तानी भएको रु.२५,६७,५२१।-(आषाढको बाहेक) को व्ययभार परेको देखियो । यस्तो प्रकारका खर्च भुक्तानीमा मापदण्ड तथा निर्देशिकाको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं. र मिति | भुक्तानी | बैठक | खर्च रकम |
|---|---|---|---|
| ७१, ६।११ | होटल जनजिविका प्रा लि | नवप्रवर्तन साझेदारी | १४२०४१ |
| ७४, ६।११ | आर के गेष्ट हाउस | कार्यपालिका बैठक | २४६२८३ |
| ४८, ६।८ | धादिङ क्रिक रिसोर्ट | तिज विषेश कार्यक्रम | २४९१६५ |
| ३०१, ९।२१ | आर के गेष्ट हाउस | कार्यपालिका बैठक | १३८९९० |
| ३३९, ९।२४ | आर के गेष्ट हाउस | कार्यपालिका बैठक | १७०१७८ |
| ४२३, १०।५ | धादिङ क्रिक रिसोर्ट | विपद् समितिको बैठक | ११४८०७ |
| ५८४, ११।१६ | आर के गेष्ट हाउस | मेयर उद्यमशीलता विकास | २२४८७० |

| | | | |
|---|---|---|---|
| ६८९, १२।१६ लगायत विभिन्न मिति | आर के गेष्ट हाउस | नगर सभा बैठक | ११४९९६१ |
| ९७५, २।३० | धादिङ क्रिक रिसोर्ट | फोहोरमैला व्यबस्थापन | १३१२२६ |
| **जम्मा** | | | **२५६७५२१** |

## ३१ गत बर्षको दायित्व

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १३ मा चालु बजेटले नखाम्ने खर्च व्यहोर्नु पर्ने उचित आधार भएमा आगामी बर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा प्रमाणित गराई राख्नु पर्ने व्यहोरा उल्लेख छ।पालिकाले गत बर्ष को २९० वटा कार्यक्रमको विभिन्न संस्था, उपभोक्ता समिति, फर्म तथा व्यक्तीलाई यस बर्षको बजेटमा समावेश गरी गत बर्षको भुक्तानीका लागि बजेट व्यबस्था नगरेको अवस्थामा समेत रु २,४९,४५,८११।भुक्तानी गरेको पाईयो।बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमका लागि सम्झौता गरेको कारण बित्तिय अनुशासान नहुने जोखिम यथावत छ । बार्षिक बजेटले बहु बर्षिय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारका दायित्व सिर्जना हुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

## ३२ तलबी प्रतिबेदन

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा ६९(५) मा कार्यालयले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाईबाट तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई भुक्तनी गरेको ४५जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रकम रु.३,०४,००,०००।- सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नुपर्दछ ।

## ३३ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था उल्लेख छ ।सो बिपरीत नगर पालिकाले सहायक स्तर चौथो देखि सहायक ईन्जिनियर , अमिन सहित ५४ जना करारमा कर्मचारी नियुक्ती गरी रु २,२१,००,०००।०० खर्च गरेको छ ।प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनुपर्दछ ।

## ३४ भ्रमण खर्च

भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण

गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. १४ लाख ८४ हजार भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन ।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।

- अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।
- स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो ।त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

**३५ प्रोत्साहन भत्ता**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा ६९(४) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सम्बन्धीत स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकालको २०७९।३।७ को नगर सभाको निर्णय नं २९ मा प्राविधिक फिल्ड भत्ता तलबको १५ प्रतिशत, निर्णय नं ३० मा सवै सेवा समुहका कर्मचारीलाई तलब स्केलको १० प्रतिशत, निर्णय नं ३२ मा विदाको दिन र साँझ विहान अतिरिक्त कामकाजलाई २५ प्रतिशत र निर्णय नं ३३ मा प्रमुख प्रशासकीय अधिकृतलाई तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता निर्धारण गरी रु ५२,५०,१६८। खर्च भुक्तानी गरेको देखियो।कार्यविधि तथा कानुन नबनाई भुक्तानी गरेको प्रोत्साहन भत्ता रकम नियम सम्मत नदेखिएको र यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता,खर्चको आकार आदिलाई मध्येनजर गर्दै प्रोत्साहन कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकहरुको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नुपर्दछ ।

**३६ दोहोरो सुविधा**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१७ को निर्णयबाट रु.२०,४००।- सम्परीक्षण गरिएको ।)*

## ३७ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७ (१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची-१ बमोजिमका दरले हुने भूक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले निम्न कर्मचारीहरुको पारिश्रमिक भुक्तानीमा लाग्ने कर कट्टा नगरी भुक्तानी गरेको देखियो। भुक्तानीको समयमा कट्टा नभएको पारिश्रमिक कर असुल गरी संघीय संचितकोषमा दाखिला हुनु पर्दछ ।

| कर्मचारीको नाम | कर योग्य आय | दाखिला हुनु पर्ने कर |
|---|---|---|
| प्र प्र अ दिनेश राज पन्त | ७४१६६४ | १८३३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३३३ |

## ३८ विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर)

३८.१ परामर्शदातासँग विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्ने सम्बन्धी सम्झौतामा पहिला मस्यौदा प्रतिवेदन कार्यलयलाई बुझाउनुपर्ने उल्लेख छ। प्राप्त मस्यौदा प्रतिवेदन कार्यालयले सम्बन्धित लाभग्राहीलाई समेत समावेश गरी आर्थिक एवम् प्राविधिक पक्ष समेतको छलफल गरी पालिकाले दिएको सुझावको आधारमा परामर्श दाताबाट अन्तिम प्रतिवेदन उपलब्ध गराउनुपर्ने व्यवस्था छ। तर परामर्शदाताले एकै पटक उपलब्ध गराएको अन्तिम प्रतिवेदन स्वीकार गर्दा त्यसमा लाभग्राहीको सुझाव र आवश्यकता समावेश भए नभएको यकिन गर्न सकिने अवस्था रहेन । यसर्थ पालिकाको ध्यान गराउनुपर्ने देखियो ।

३८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ को उपनियम १ मा रु.२० लाख भन्दा कम रकमको परामर्श सेवा लिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) अनुसार मौजुदा सूचीमा रहेका परामर्श दाताबाट लिखित रुपमा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी सेवा लिन सकिने उल्लेख छ। सोही व्यवस्था अनुसार नियम ८१ अनुसार परामर्शदाता छनौट गर्दा एउटै परामर्शदातालाई पनि फरक फरक मूल्याङ्कन गरेको देखियो यसबाट परामर्शदाता छनौट प्रति प्रश्न गर्नुपर्ने स्थिती छ यसतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| सि. नं . | परामर्शदाताको नाम | भुक्तानी रकम | प्राविधिक मूल्याङ्कन (८०) | आर्थिक मूल्याङ्कन(२०) | जम्मा | छनौट |
|---|---|---|---|---|---|---|
| वडा नं. ८ , १० , १२ , १३ का विभिन्न योजनाहरू | | | | | | |
| १ | ग्रिन इनोभेटिभ डेभेल्पमेन्ट कन्सल्टेन्सी प्रा.लि. | १६१६३९० | ६८.६ | २०. | ८८.६ | १. |
| २ | निरा कन्सल्टन्टिङ्ग ग्रुप्स प्रा. लि. | | ६१.८ | १९ . ९१ | ८१.७१ | २. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | डि म्याट्रिक्स इञ्जिनियरिङ्ग सर्भिस् प्रा.लि. | | ५९.२ | १९.९६ | ७९.१६ | ३. |
| साउनेपानी मस्र्याङ्गछाप सडक | | | | | | |
| १ | ग्रिन इनोभेटिभ डेभेल्पमेन्ट कन्सल्टेन्सी प्रा.लि. | ८६०००० | ६४.४ | १९.९७ | ८४.३७ | २. |
| २ | निरा कन्सल्टन्टिङ्ग ग्रुप्स प्रा.लि. | | ५८.८ | १९.९५ | ७८.७५ | ३. |
| ३ | मल्टिस्कोप सोलुसन प्रा.लि. | | ६९.६ | २०. | ८९.६ | १. |

माथि उल्लेखित विवरण अनुसार ग्रीन इनोभेटिभ डेभलपमेन्ट कन्सुलटेन्सी प्रा.ली लाई एउटै कामको लागि प्राविधिक मूल्याङ्कनमा एक पटक ६८.६ र अर्को पटक ६४.४ अंक प्रदान गरेवापत कार्यालयको प्राविधिकको निस्पक्षतामा ध्यानाकर्षण हुनुपर्दछ।

## ३९ सिधै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि बीना सोझै अनियमित खरिद तथा निर्माणको काम गरेको छ ।

| सि.न | निर्माण व्यवसायीको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम | धरौटी छुट |
|---|---|---|---|---|---|
| १ | एस.एस.न्स्ट्रक्शन प्रा.लि. | सडक ढलान | ९९५०६६ | ९४५०७२ | ४१८१७ |
| २ | श्री विन्दुकेशर हार्डवयर एण्ड सप्लार्यस | पाईप | ५९६०४७ | ५६७५६३ | २५११३ |
| ३ | श्री अनकन्या निर्माण सेवा | खोला नियन्त्रण | ३४६७७७ | ३२९५३१ | १४५८१ |
| ४ | श्री अनकन्या निर्माण सेवा | सडक निर्माण | ९७४१२६ | ९२७४२२ | ४१०३६ |
| ५ | श्री अब्बु निर्माण सेवा | वालमन्दिर | १९७७०० | १६९०२२ | ७४७९ |
| ६ | श्री आर. एम. जी कन्स्ट्रक्शन एण्ड सप्लयर्स प्रा.लि. | मन्दिर निर्माण | ९८८४३४ | ९०३४१२ | ३९९७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | श्री आर. एम. जी कन्स्ट्रक्शन एण्ड सप्लयर्स प्रा.लि. | हाटबजार व्यवस्थापन | ६९९१२८ | ६२९०१६ | २७८३३ |
| ८ | श्री आरभ एण्ड रिदम | ढलान | ९२१२१२ | ८७७०२० | ३८८०६ |
| ९ | श्री एन.एस..एन.कन्स्ट्रक्सन प्रा.लि | जालि भरेको | ४९९५९१ | ४६३९८५ | २०५३० |
| १० | श्री कलर्स निर्माण सेवा प्रा.ली | भवन | ३२९५३१ | १८३६५९ | ८१२६ |
| ११ | श्री कलर्स निर्माण सेवा प्रा.ली | भवन | १९३६९९ | १८३६१६ | ८१२५ |
| १२ | श्री कलर्स निर्माण सेवा प्रा.ली | भवन | २४१८४५ | २४१८४५ | १०७०१ |
| १३ | श्री कला विल्डर्स सप्लार्यस प्रा.लि | पिलर भरेको र सामान खरिद | ४९५२१७ | ४७१३०० | २०८५४ |
| १४ | श्री कला विल्डर्स सप्लार्यस प्रा.लि. | बाटो र रेटेनिङ्ग वाल | ४९७०१३ | ४६५४०३ | २०५९३ |
| १५ | श्री गुर्छान कन्स्ट्रक्सन | कम्पाउण्ड | ९८८९३९ | ९१२४६४ | ४०३७५ |
| १६ | श्री ढकाल कन्स्ट्रक्सन | बाटो ढलान | ६७७३९४ | ६४४८७३ | २८५३४ |
| १७ | श्री तृष्ण कन्स्ट्रक्सन कन्सर्न | सडक निर्माण | ९९७१४८ | ९०३४१२ | ३९९७४ |
| १८ | श्री तृष्ण कन्स्ट्रक्सन कन्सर्न | वकिल कार्यालय प्रतिक्षालय | १९७७०८ | १९५४४४ | ८६४८ |
| १९ | श्री पारखी ट्रेडर्स | सामान खरिद | १९८२९२ | १८८८१६ | ८३५५ |
| २० | श्री प्रसुमनकन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेज | प्रतिक्षालय मर्मत | १९७६३६ | १६३८५० | ७२५० |
| २१ | श्री प्रसुमनकन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेज | सडक निर्माण | ६९५४०९ | ५८९५८८ | २६०८८ |
| २२ | श्री बलदेवी निर्माण सेवा | गेट | १४४६७१ | १३२७४९ | ५८७४ |
| २३ | श्री बलदेवी निर्माण सेवा | शौचालय प्रतिक्षालय | ६७८१७४ | ६४४९९५ | २८५४० |
| २४ | श्री भुमिका कन्स्ट्रक्सन | वालमन्दिर माध्यामिक | ६८९८३० | ६५५६२९ | २९०१० |
| २५ | श्री मण्डली मेशेनरी हाउस | मोटर खरिद | ४४५००० | ४२९६४२ | १९०११ |
| २६ | श्री शिलाजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | घेरावार | ९८३८३५ | ९३१२२४ | ४१२०५ |
| २७ | श्री श्रेयालक्ष्मी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | झोलुङगे पुल | ९९८२२२ | ९८४१४६ | ४३५४६ |
| २८ | श्री साईराम कन्स्ट्रक्सन प्रा.लि | मन्दिर निर्माण | ६७७३९४ | ७४३१८६ | ३२८८४ |
| २९ | श्री सासा कन्सट्रक्सन प्रा. ली | सडक निर्माण | ९८४६३८ | ९७१०७२ | ४२९६८ |
| ३० | श्री सुन्दरादेवी निर्माण सेवा | भवन | ३३२२४२ | ३१६३६५ | १३९९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्री सेत हिमाल कन्सट्रक्सन प्रा. लि. | ह्युमपाइ र क्यार्चाट | ९८७०४५ | ९३९२४० | ४१५५९ |
| **जम्मा** | | | | | **७८३३८८** |

(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम(४) मा सार्वजनिक निकायले सम्झौता अनुसार रकम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य विल विजकमा ५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपरोक्त अनुसारको निर्माण व्यवसायीबाट काम गराई रकम भुक्तानी गर्नु अगावै रिटेनशन मनी कट्टी गरेको छैन। (ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा सीमा भन्दा वढी रकमको एउटै व्यक्ती फर्म कंम्पनी वा संस्थामा सोझै खरिद गर्न नहुने व्यवस्था छ। माथि उल्लेखित केही फर्महरु मार्फत् पटक पटक निर्माण कार्य गराएको छ। यस्तो कार्य नियमसम्मत देखिएन ।

## ४० डिपिआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| साउनेपानी मर्स्याङ्गछाप सडक | मल्टीस्कोप सोलुसन प्रा.लि. | १० लाख | ८६००२ | ४१४८१२६१३ |
| हिमालयन ग्रेट वाल | रेट्रो इञ्जिनियरिङ्ग कन्सल्ट प्रा.लि. | १२ लाख | ११९८३६५ | १०५८८१६२३८ |
| व्यापारी बगैंचा खानेपानी | नव्य टेक्नोलोजी प्रा.लि. | ५ लाख | ४९६६१८ | २९६८९५७१ |
| वडा नं. ८, १०, १२, १३ का विभिन्न डिपिआर | ग्रिन इनोभेटिभ डेभलपमेन्ट कन्सल्टेन्सी | २० लाख | १६१६३९० | ९४८०७१५६२ |
| धादिङ्गबेशी फोस्रेटार सडक | देवांश इञ्जिनियरिङ्ग | ५ लाख | ४९१५५० | ५८९०५८४२५ |
| रामकोट दरबार र कालिका मन्दिर | साउण्डनेस इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | २० लाख | १२९६९९८ | २२८२४७०६२ |
| **जम्माः** | | | **५१८५९२३** | **३२६८६९५४७२** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

### ४१ बैङ्क जमानत भन्दा बढी पेस्की

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) को उपदफा १ मा सार्वजनिक निर्माण गर्दा खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौताको २० प्रतिशत नबढ्ने गरी पेस्की दिन सकिने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीलाई अग्रिम बैङ्क जमानत भन्दा बढी पेस्की दिएको देखिएकोले उक्त पेस्की नियमसम्मत नदेखिएको रु.

| सि.नं. | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | अग्रिम पेस्की जमानत | पेस्की | बढी पेस्की |
|---|---|---|---|---|---|
| १ | हरितारा गरिबी जे.भी. | २३९७०२७८ | ४४००००० | ४७९४०५४ | ३९४०५४ |
| २ | कृष्णा कन्स्ट्रक्सन | ३४३९६८९ | ६००००० | ६८७९३६ | ८७९३६ |
| **जम्मा** | | | | | **४८१९९०** |

| | |
|---|---|
| अनियमित भएको | ४,८१,९९० |

### ४२ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.६४ देखि ३३.९४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं. | विवरण | व्यवसायिको नाम | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|
| NEE-NCB-05/079/80 | थोपल खोला करिडोर निर्माण कार्य | R.N.B construction | ९९९४७२३.८८ | ६६३६९४३.१ | ३३.९४ |
| NEE-NCB-02/079/80 | ससाह स्कुल देखि मगर गाँउसम्म सडक स्तरोन्नति | Trishna Construction | ४९९९४४१.२४ | ३४३९६८९. | २९.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| NEE-NCB-13/079/80 | कृषि औजार खरिद | BDS Nepal | ६९९९०००. | ५१७९५५०. | २६. |
| NEE-NCB-03/079/80 | नीलकण्ठ 10 टारीबेसी त्रिपुरासुन्दरी सडक स्तरोन्नति | S.S Construction | ४९९७२६६.२६ | ३९७८४६६.५१ | १८.३ |
| NEE-NCB-08/079/80 | धादिङबेशी फोस्नेटार सडक | R.M/Dhading Neelakanth/SS Jv | ३००००००००. | २४२६१६१२.२५ | १७.८७ |
| NEE-NCB-04/079/80 | पशुपति मन्दिर पौवा खाल्टा जाने सडक निर्माण | Harit Tara Garibi JV | ३००००००००. | २३९७०२७८.२५ | १७.७२ |
| NEE-NCB-06/079/80 | वडा नं. ३ ट्रस निर्माण कार्य | Sundara devi Nirman | २८०३८३६.७१ | २३६२९३७.५६ | १६.०१ |
| NEE-NCB-01/079/80 | बिर्तबिशी सडक ग्राभेल तथा ड्रेन निर्माण कार्य | Saairam Construction | ४९९७६२७.६१ | ४१४२३५३.७४ | १४.७९ |
| NEE-NCB-10/079/80 | धादिङबेशी सुनौलाबजार सडक | OM Shrestha-Prithivi JV | ३४००००००. | ३२८७५३८१.२७ | ०.६७ |
| NEE-NCB-11/079/80 | ग्याबिन बक्स खरिद | UN Construction | ३५०००००. | ३४९७३९५.२ | ०.६४ |
| **जम्मा** | | | **१३२२९१८९५.७** | **११०३४४६०६.८८** | |

४३ **मू.अ.कर दाखिला पेश गर्नुपर्ने**

मू.अ.कर ऐन, २०५२ को दफा १४ मा मू. अ. करमा दर्ता भएको फर्मले रीतपूर्वकबिजक जारी गर्नुपर्दछ। देहायका निर्माण व्यवसायीले रकम भुक्तानी लिँदा रीतपुर्वकको विल जारी गरेको नदेखिएकोले कार्यालयले कट्टी गरेको ३० प्रतिशत मू.अ.कर वाहेक कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | मिति | निर्माण व्यवसायीको सेवा | विल रकम | मू अ कर | ७० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|---|
| १९१ | १२/२३/२०७८ | वालकोट निर्माण सेवा( ६१७५४१४६२) | २७७४६६२ | ३६०७०६ | २५२४९४ |
| ४ | ०३/२४/२०७९ | वालकोट निर्माण सेवा( ६१७५४१४६२) | २०९५३२३ | २७२३९२ | १९०६०४ |
| २५८ | ११/१६/२०७९ | वालकोट निर्माण सेवा( ६१७५४१४६२) | २५९९९४२ | ३३७९९३ | २३६५९५ |
| ५५४ | ०३/०५/२०८० | वालकोट निर्माण सेवा( ६१७५४१४६२) | २३७३०१६ | ३०८४९२ | २१५९४४ |
| ९ | ०३/०५/२०८० | | | | |
| ८६३ | ०३/२४/२०८० | भान्जा कन्स्ट्रक्सन ( ६०५४५६३५२) | ५३९१६९६ | ७००९२० | ४९०६४६ |
| ४६७ | ०३/२४/२०८० | भान्जा कन्स्ट्रक्सन ( ६०५४५६३५२) | ४९६२५६७ | ६४५१३४ | ४५१५९४ |
| **जम्मा** | | | **२०१९७२०६** | **२६२५५३७** | **१८३७८७७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३७,८७७ |

**४४ सडक बत्ति**

बजारको मुख्य सडकको दायाँ बायाँ गमला ४ गोटा, तीन गोटा बत्ति सहितको २०० गोटा फलामको स्टयाण्ड निर्माण गरेबापत टोल विकास संस्था महासंघ (६०५११५९८५) लाई भौ.नं. ११६।२०७९।६।१३ बाट रु.२०,२०,९५६।- भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

(क) सडकको दायाँ बायाँ राखिएको माटोको गमलासहित बत्तिको स्टयाण्डको उचित हेरचाह गर्ने व्यक्तिको पहिचान गरेर मात्र त्यस्ता सामग्री राख्नुपर्ने थियो । भौतिक अवलोकन गर्दा अधिकांश गमला फुटेका, बत्ति बिग्रिएको, बेवारिसे अवस्थामा रहेका छन् । तसर्थ निर्माण गरिएका उक्त सामग्रीको उचित हेरचाह र संरक्षण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

(ख) पालिकाबाट स्वीकृत भएको उपभोक्ताबाट कार्य गराउने कार्यविधि, २०७७ को दफा ३ मा उपभोक्ताको योगदान १५ प्रतिशत हुनुपर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार रु.२३,०४,४५०।- को कार्यसम्पन्न भएकोमा १५ प्रतिशतले हुने रकम कटाई रू.१९,५८,८२५।- मात्र भुक्तानी दिनुपर्नेमा रू.२०,२०,९५६।- भुक्तानी दिएको हुँदा बढी भुक्तानी भएको रू.६२,१३१।- उपभोक्ताबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.



| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,१३१ |

**४५ बढी भुक्तानी**

पालिकाबाट जारी भएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" को दफा ३ मा उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कम्तीमा १५ प्रतिशत अंश उपभोक्ताको हुने उल्लेख छ। देहायका सम्झौता अनुसार उपभोक्ताबाट गराउँदा उपभोक्ताले न्यून योगदान गरी बढी भुक्तानी लिएकोमा बढी भुक्तानी रकम उपभोक्ताबाट असुल गरी संघीय तर्फको संघीय संचित कोष, प्रदेश तर्फको प्रदेश संचित कोष, र स्थानीय तर्फको स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ नं. | मिति | शीर्षक | उपभोक्ता समितिको नाम | विवरण | कार्य सम्पन्न रकम | भुक्तानी दिनुपर्ने रकम | भुक्तानी दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १३ | १०/१८/२०७९ | सडक बोर्ड | चिलौने भट्टी आगेटारी आलडाडा उ.स. | सडक निर्माण | ३३४३१३५ | २८४१६८२ | २८८२२६७ | ४०५८५ |
| २०९ | १०/१९/२०७९ | | | | | | | |
| २१२ | १०/१८/२०७९ | सडक बोर्ड | रिङरोड गौरीखोला काउले सडक उ.स. | सडक निर्माण | २८९९६७९ | २४६४७२७ | २५१५५६२ | ५०८३५ |
| २१९ | १०/१८/२०७९ | | | | | | | |
| १७ | १०/१८/२०७९ | सडक बोर्ड | कुडुली प्ररिङ पोखरीटार सडक उ.स. | सडक निर्माण | २४८९४७६ | २११६०५५ | २१५१४३४ | ३५३७९ |
| २१५ | १०/१८/२०७९ | | | | | | | |
| २१ | ११/०५/२०७९ | सडक बोर्ड | वडा नं. ९ भिउटाउर सडक उ.स. | सडक निर्माण | २७१७०५२ | २३०९४९४ | २३५११११७ | ४१६२३ |
| २३२ | ११/०५/२०७९ | | | | | | | |
| ३ | ०३/१२/२०८० | पर्यटन बोर्ड | मंगरे चुली मन्दिर निर्माण | मन्दिर निर्माण | १००२७४१ | ८५२३३० | ९६५२२६ | ११२८९६ |
| ७७२ | ०३/२२/२०८० | | | | | | | |
| २ | ०३/१२/२०८० | पर्यटन बोर्ड | भैरवी मन्दिर सौंदरीकरण उ.स. | मन्दिर निर्माण | १४३३२६० | १२२३३७१ | १३८२९४७ | ६०५७६ |
| ७७१ | ०३/१२/२०७९ | | | | | | | |
| जम्मा | | | | | | | | ३४१८९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४१,८९४ |

## ४६ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले १४ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा निम्नानुसार बैङ्कलाई निकासा भएको रकममध्ये लेखापरीक्षण अवधिसम्म पनि पेस्की बाँकी रहेको पाइयो । पालिकाले रिभर्स फिड माग गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| सि.नं. | बैङ्कको नाम | पेस्की रकम |
|---|---|---|
| १ | कृषि विकास बैङ्क | १४६६० |
| २ | प्राइम कमर्सियल बैङ्क | १५४२८ |
| ३ | मुक्तिनाथ बैङ्क | ६९१६ |
| ४ | एनआइसी बैङ्क | २९८५२ |

| | | |
|---|---|---|
| ५ | कुमारी बैङ्क | १०१२८ |
| ६ | प्रभु बैङ्क | १८६७९८ |
| ७ | राष्ट्रिय वाणिज्य बैङ्क | ३६००० |
| ८ | नविल बैङ्क | २९५७६ |
| ९ | गरिमा विकास बैङ्क | १२०९७४ |
| १० | हिमालय बैङ्क | १२००० |
| ११ | नेपाल इन्भेष्टमेन्ट बैङ्क | २६६० |
| **जम्मा** | | **४६४९९२** |

| | |
|---|---|
| पेश्की | ४,६४,९९२ |

४७ **अनुगमन भत्ता**

बागमति प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी ऐन,२०७५ को पहिलो संसोधनमा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रको योजनाहरुको अनुगमन गर्ने कार्य बापत भत्ता उपलब्ध गराउने व्यवस्था उल्लेख भएको देखिँदैन । पदाधिकारी र कर्मचारीहरुलाई विभिन्न योजनाहरु अनुगमन गरेबापत निम्न बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको सुविधालाई नगरपालिकाले भुक्तानी गरेको नियमसंगत देखिएन ।

| भौ.नं. र मिति | व्यहोरा | कट्टी पछिको खर्च |
|---|---|---|
| १२८५।०८०।३।२४ | उपप्रमुख लगायतको टोलीको वडागत अनुगमन | ४४९७७७ |
| १२४३।०८०।३।२३ | योजनागत अनुगमन | ६००० |
| १२२३।०८०।३।२३ | प्र.प्र.अ.को संयोजकत्त्वमा योजना अनुगमन | ७६५० |
| १२०९।०८०।३।२३ | वडा नं. १२ का योजनाहरुको अनुगमन | २९७५० |
| १२०७।०८०।३।२३ | वडा नं. ११ का योजनाको अनुगमन | १३७७० |
| ११६५।०८०।३।२२ | वडा नं.१का योजना | २४९०० |
| ११६०।०८०।३।२१ | विद्यालयका योजना तथा कार्यक्रम | ८१६०० |
| १११८।०८०।३।२० | वडा नं. ८ का योजना | १७५०० |
| १११५।०८०।३।२० | वडा नं. ५ का योजना | १९८९० |
| **जम्मा** | | **६५०८३७** |

| | |
|---|---|
| अनियमित भएको | ६,५०,८३७ |

## ४८ प्रतियोगिता सम्पन्न भएको प्रमाण पेश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १३११।२०८०।३।२४ बाट खनियावास गापा वडा नं. ५ वच्छलामा मिति २०७९।१२।२७ देखि १२।२९ सम्म सञ्चालन भएको भलिबल प्रतियोगिताको लागि हरि कुमार श्रेष्ठलाई रु. ३४,७३४.०० सोधभर्ना दिएकोमा उक्त प्रतियोगितामा यस पालिकाबाट कति खेलाडी संलग्न भए सोको नामावली सहित प्रतियोगिता सम्पन्न भएको प्रमाण कागजात पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,७३४ |

## ४९ घाँसको बिउ बढी दरमा खरिद

घाँसको बिउ खरिद गर्दा जिल्ला दररेट अनुसार खरिद गर्नु पर्दछ । पालिकाले भौ.नं. ७।२०७९।९।२६ बाट जिल्ला दररेटमा जै घाँसको दर प्रति केजी रु.८५.०० रहेकोमा पालिकाले कोटेशन विधि अपनाएर बजारबाट प्रति केजी रु.१२०.०० का दरले ४१६५ केजी घाँसको बिउ रु.४९२३०३.०० मा खरिद गरी पूर्ण अनुदानमा वितरण गरेको छ । जिल्ला दररेट भन्दा रु.३५.००प्रति केजी बढी दरमा खरिद गर्दा पालिकालाई रु.१¸४५¸७७५.०० थप व्ययभार परेको रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४५,७७५ |

## ५० बढी दरमा बैठक भत्ता भुक्तानी

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ८ बमोजिमको अनुसूची अनुसार जनप्रतिनिधिको अध्यक्षतामा बसेको बैठकको दर रु. १००० रहेको छ । पालिकाले भौ.नं. १२२०।२०८०।३।२३ बाट नगरप्रमुख भिम प्रसाद ढुङ्गानाको अध्यक्षतामा विभिन्न मितिमा बसेको नगर शिक्षा समिति र छात्रवृत्ति व्यवस्थापन समितिको बैठकमा रु.१५००।- को दरले भत्ता बुझेको छ। बढी दरमा बुझेको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | पदाधिकारी।कर्मचारी | बैठक संख्या | बढी रकम(कट्टी पछि) |
|---|---|---|---|
| १ | दिनेशराज पन्त | ४ | १७०० |
| २ | शर्मिला वि क | १ | ४२५ |
| **जम्मा** | | | **२१२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२५ |

## ५१ अन्य संस्था सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा पालिकाले यस वर्ष देहायका भौचरबाट निम्न संस्थालाई अनुदान दिएको नियमसंगत देखिएन ।

| क.सं | भौ.नं. र मिति | संस्था | प्रयोजन | भुक्तानी |
|---|---|---|---|---|
| १ | १२१९।०८०।३।२३ | नेपाल कृषि श्रमिक संघ | अन्तरकृया कार्यक्रम | १९६५८० |
| २ | १२१८।०८०।३।२३ | कुमारी देवी सहकारी | फर्निसिङ | १८०८७४ |
| ३ | ११८०।०८०।३।२२ | नेपाल शिक्षक संघ | सहायता | ८९१८१ |
| ४ | ११७९।०८०।३।२२ | उद्योग वाणिज्य संघ | कर सचेतना कार्यक्रम | २९२७५५ |
| ५ | ११७८।०८०।३।२२ | धादिङ उद्योग वाणिज्य संघ | व्यवसायिक प्रवर्द्धन कार्यक्रम | ३९३६९० |
| ६ | ११५३।०८०।३।२१ | नेपाल शिक्षक संघ | सहायता | २०००० |
| ७ | १११०।०८०।३।२० | सहयात्री समाज नेपाल | हिंसापीडित महिलालाई सहयोग | २८४९९० |
| ८ | ११०९।०८०।३।२० | नारी जागरण केन्द्र | सहायता | ३९०१०० |
| ९ | ११०५।०८०।३।२० | हिमाल महिला उत्थान समाज | महिला सशक्तिकरण | ८९७५२५ |
| १० | १०९३।०८०।३।१९ | धादिङ नेत्रहीन संघ | ज्येष्ठ नागरिक सम्मान | ३१८५९ |
| ११ | १०८५।०८०।३।१८ | प्रगतिशील महिला बचत तथा ऋण सहकारी | सीप विकास तालिम | ७६३३० |
| १२ | १०८४।०८०।३।१८ | महिला सशक्तिकरण बचत तथा ऋण सहकारी | वित्तीय साक्षरता तालिम | १४४९०० |
| १३ | १०८३।०८०।३।१८ | धादिङ बचत तथा ऋण सहकारी संस्था | सहकारी सम्मेलन | १९१२३६ |
| १४ | १०८०।०८०।३।१८ | नमुना आमा समूह | महिला सशक्तिकरण | ९५२३० |
| **जम्मा** | | | | **३२८५२५०** |

| | |
|---|---|
| अनियमित भएको | ३२,८५,२५० |

## ५२ लेखापरीक्षण प्रतिवेदन पेश गर्ने

आर्थिक कार्यविधि तथा वित्तीय नियमावली, २०७७ को ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाइ र कागजात संलग्न भए नभएको र संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

पालिकाले निलकण्ठ प्रज्ञा प्रतिष्ठानलाई रु.१० लाख भुक्तानी दिएको छ।निलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन,२०७९ को दफा २२ मा कोषको आन्तरिक लेखा परीक्षण यस नगरपालिकाको आलेपबाट हुने र अन्तिम लेखा परीक्षण नगरपालिकाले तोकेको स्वतन्त्र लेखा परीक्षकबाट हुने व्यवस्था रहेको छ।नगरपालिकाले आलेप गराई सो रिपोर्टको आधारमा खर्चको प्रभावकारिता र औचित्यता पुष्ट्याइ भएपश्चात् मात्र उक्त अनुदान दिने कार्य गर्नुपर्छ।यसर्थ आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

## ५३ सामान बुझेको प्रमाण पेश गर्ने

***...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१७ को निर्णयबाट रु.१,८८,८१५।- सम्परीक्षण गरिएको ।)***

## ५४ विद्युत महशुलमा जरिवाना

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ । तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप रु.३२,१९३।- विभिन्न भौचरबाट भुक्तानी गरेको छ । समयमै महशुल भुक्तानी गर्नुपर्दछ ।

## ५५ उपभोक्ताको योगदान सुनिश्चित पश्चात् खरिद

५५.१ सार्वजनिक खरिद नियमावली,२०६४ को परिच्छेद २ मा खरिद आवश्यकताको पहिचान गरेर मात्र खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख छ। पालिकाले भौ.नं. ३४।२०८०।३।२० बाट ५०% अनुदान मा Super paulin plastic, mulching plastic, Thopa Sinchai, Hajari, Green Net लगायतका सामान रु.९,९५,४३३.०० मा खरिद भएकोमा पालिकाले रु. ४,९७,७१६.००( कर बाहेक) र कृषकहरुले रु. ३,१२,४७८.०० (३१%)मात्र योगदान गरेका छन्।मागमा आधारित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम भनेपनि रु.१,८५,२३८.००को सामानहरु कार्यालयमा मौज्दात रहेको पाइयो।मागको सुनिश्चितता र कृषकहरुको योगदान सुनिश्चित भएपछि मात्र खरिद गर्नु पर्दछ ।

५५.२ सार्वजनिक खरिद नियमावली,२०६४ को परिच्छेद २ मा खरिद आवश्यकताको पहिचान गरेर मात्र खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख छ। पालिकाले भौ.नं. १३०७।२०८०।३।२४ बाट ८५% अनुदानमा आँप, लिची, कागती, मेवा, जुनार, अम्बा, एभोकार्डो, केरा लगायतका विरुवा खरिद गरी रु. ९,००,९९०.०० खर्च लेखेको छ । कृषकको योगदान १५% अर्थात् रु.१,३५,१४८.५ हुनुपर्नेमा रु. ८७,७७६.०० मात्र भई पालिकालाई रु. ४७,३७२.५० थप व्ययभार परेको छ।अनुदानका सामाग्री खरिद गर्नु अगावै कृषकको योगदानको अंश लिएर सामान खरिद गर्नु पर्दछ ।

## ५६ एम.आइ.एस. अपरेटर तलब

गृह मन्त्रालयको पत्र संख्या २०७९।८० च.नं. १४८ मिति २०७९।४।१९ को पत्रानुसार एम आई एस अपरेटर र फिल्ड सहायक सेवा करारको निरन्तरताको लागि पारिश्रमिक चालु आर्थिक वर्षमा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत व्यहोर्ने गरी स्रोत साझेदिरी गर्ने निर्णय भई पत्र पेश भएको छ । साथै संघीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत पत्र संख्या २०७९।८० च.नं. २८ मिति २०७९।४।२४ को पत्र मार्फत सहजीकरण गर्न स्थानीय तहलाई निर्देशन भएको छ । पालिकाले MIS Operator तथा फिल्ड सहायकलाई ५० प्रतिशत अर्थात ६ महिनाको पारिश्रमिक साझेदारी गर्नुपर्नेमा ४ महिनाको रु.२,७०,५२८।- साझेदिरी नगरेकोले पालिकाबाट संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | तलब स्केल | महिना | रकम |
|---|---|---|---|---|
| १ | एम.आई.एस. अपरेटर रोशन कोइराला | ३४७३० | ४ | १३८९२० |
| २ | फिल्ड सहायक यम कुमारी इटनी | ३२९०२ | ४ | १३१६०८ |
| **जम्माः** | | | | **२७०५२८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,५२८ |

## ५७ २० प्रतिशत सहभागिता

५७.१ गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले मिति २०७९।७।१२ देखि ७।२५ सम्म मखमली जुत्ता चप्पल बनाउने तालिम संचालन गरी भौ.नं. १६८।२०७९।११।१६ बाट २ वटा सिलाई मेसिन रु.३९,७७०।- मा खरिद गरी वितरण गरेकोमा २० प्रतिशत रु.७,९५५।- उद्यमीबाट उठाई राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९५५ |

५७.२ त्यसै गरी भौ.नं. ४१९।२०८०।३।२२ बाट श्री सप्लायर्स मार्फत निम्नानुसार सामानहरु खरिद गरी उद्यमीहरुलाई वितरण गरेकोमा २० प्रतिशतले हुने रु.८५,२७०।- उठाउनु पर्नेमा रु.७६,०००।- उठाई सप्लायर्सको खातामा जम्मा गरी बांकी रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले उद्यमीबाट रु.९,२७०।- कम उठाएकोले असुल हुनुपर्ने रु.

| सि.नं. | प्रविधिको विवरण | परिमाण | रकम भ्याट समेत | २० प्रतिशत रकम |
|---|---|---|---|---|
| १ | सिलाई मेसिन | १० थान | १७०००० | ३४००० |
| २ | ५०० लिटर ड्रम | ३८ वटा | २०१७४२ | ४०३४८ |
| ३ | पाइप | २५ | १३२५० | २६५० |
| ४ | टुल बक्स | ११ थान | ४१३६० | ८२७२ |
| **जम्माः** | | | **४२६३५२** | **८५२७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,२७० |

५८ **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ६ दिने क्रिस्टल माला बनाउने, ८ दिने मखमली जुत्ता चप्पल बनाउने, १ महिने ब्यूटिपार्लर, ७ दिने कुखुरापालन र ७ दिने कृषि तथा पशुपालन लगायतका तालिम संचालन गरी रु.१२,५१,०८१।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

५९ **विद्यालय इन्टरनेट**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० को क्रियाकलाप ५.१ बमोजिम सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय वार्षिक रु.१२,०००।- का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष ८७ वटा विद्यालयहरुलाई भौ.नं. २८३।२०८०।२।११ बाट रु.१०,४४,०००।- इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको लागि रकम निकासा गरेको देखियो । ति विद्यालयहरु मध्ये केहीले इन्टरनेट जडान शुल्कको बिल पेश गरेको र केहीले पेश नगरेकोले इन्टरनेट जडानको बिल पेश गर्न लगाई इन्टरनेट जडान गरेको र सो बमोजिम सुचना प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गरेको एकिन हुनुपर्दछ ।

६० **अग्रिम कर**

आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका सेवा प्रदायक बासिन्दा व्यक्ति वा मूल्य अभिवृद्धि कर छुटको कारोवार गर्ने वासिन्दा निकायलाई भुक्तानी गरेको रकममा भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले खायन आलु उत्पादन कार्यक्रम अन्तर्गत कार्डिनल आलुको बिउ वितरणको लागि ९०० किलो आलु खरिद गरी एभरेष्ट एग्रो इन्टरनेशनललाई भौ.नं. १२४।२०७९।१०।१३ बाट रु.५,४०,०००।- भुक्तानी गर्दा १.५ प्रतिशतले हुने कर रु.८,१००।- कट्टी नगरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१०० |

६१ **सहभागी यातायात**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागीहरुलाई दैनिक रु.७००।- का दरले भत्ता

प्रदान गर्ने तथा २ दिनसम्म चल्ने कार्यक्रमको लागि एकमुष्ठ रु.२००।- र २ दिन भन्दा बढि जतिसुकै दिन भएपनि एकमुष्ठ रु.५००।- यातायात खर्च दिने व्यवस्था छ । पालिकाले तालिम, कार्यक्रम तथा गोष्ठि संचालन गर्दा दैनिक रु.५००।- का दरले भुक्तानी गरेको देखिएकोले भविष्यमा निर्देशिका बमोजिम भुक्तानी गर्नेतर्फ ध्यान जानुपर्दछ ।

६२ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ८७ वटा विद्यालयमा ४५८ जना शिक्षक दरबन्दी भएकोमा ४५३ जना पदपूर्ति र पदपूर्तिमध्ये १८५ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या १४०२४ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

६३ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत चौतारा मर्मत, गोरेटो पदमार्ग, ढुङ्गा सोलिङ्ग, सिढी निर्माण कार्य लगायतका कार्यक्रम योजना सञ्चालन गरी यस वर्ष १११ जनालाई औसत १४ दिनदेखि १०० दिन रोजगारी उपलव्ध गराई रु.२९,३५,८६८।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६४ **बेरीतको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले रित पूर्कको कर विजक बेगर देहायका सप्लायर्स तथा फर्मबाट मु.अ.कर रु ७४४६०।- समेत रु.६४७२२५।-मुल्यको सामान तथा सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा फर्मले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं र मिति | सप्लायर्स | भुक्तानी रकम | मु अ कर |
|---|---|---|---|
| १८४, ७।२७ | सनराईज ईन्टरप्राईजेज लाई २०७९।६।९ मा विजक नं ८ हातले लेखेको। भ्याट नं ६०२२०१०३२ | ४८४५०५ | ५५७४० |

| | | | |
|---|---|---|---|
| ११७७, ३।२२ | आरम्भ आर्ट प्रा लि र सि डब्लु क्याटरिङ ०७८।९।२७ देखि नन् फाईलर | १६२७२० | १८७२० |
| **जम्मा** | | | **७४४६०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,४६० |

## ६५ तार जाली खरिद

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८६ (क) मा सार्वजनिक निकायले खरिद पुर्व खरिद गर्नु पर्ने मालसामान भण्डारणमा मौज्दात भए नभएको तथा मौज्दातको अवस्था यकिन गरेर मात्र खरिद गर्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले विगत बर्षहरुमा खरिद भएको ग्याविन जाली वितरण तथा बाँकीको विबरण यकिन नगरी ठेक्का मार्फत ग्याविन ७२० थान (९,९२० व. मि.) रु. ४,२७१।११ का दरले खरिद गरी यू एन कन्सट्रक्सनलाई रु.३४,७४,९७५।०० भुक्तानी गरेको देखियो।यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार रहेको छ ।

- पालिको गत बिगतमा खरिद प्रयोग र बाँकी को बिवरण पेश हुन आएन ।
- गत विगत आ.व.मा खरिद भएको ग्याविन जालीको मौज्दात तथा वितरण भएका ग्याविनको नापी मुल्यांकन कागजात सहितका विबरण अद्यावधिक नभएको ।
- संलग्न रहेको बीलमा ग्याविनको साईज समेत नखुलेको ।
- लेखापरीक्षण अवधि सम्म पनि खरिद भएको ग्याविन खर्च नभई मौन्दात रहेको ।
- आवश्कताको पहिचान समेत नगरी खरिद गर्दा ग्याविनको उचित भण्डारणको व्यबस्था हुन नसकेको ।
- खुल्ला स्थानमा छरिएर रहेको ग्याविनको अवस्थामा यस प्रकार रहेको छ ।यसरी खुला स्थानमा रहदा हिनामिना हुने जोखिम भएकोले ग्याविको संरक्षण तर्फ पालिकाको ध्यान जानु पर्दछ ।



## ६६ कृषि पशु अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि तथा पशु कार्यक्रमा रु ९८,२१,१२३।०० कुल अनुदान खर्च गरेकोमा, कृषि, पशु, सहकारी संस्थालाई पशु पालन, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट बितरण गरेको छ ।बितरित रकमको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको देखियो।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनुपर्दछ ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---:|---|
| पशु कार्यकमः | १९८६००० | ५० प्रतिशत अनुदानमा |
| भैंसी प्रबर्द्धन तथा स्रोत केन्द्र स्थापना | | |
| बंगुर प्रबर्द्धन कार्यक्रम | ११००००० | ५० प्रतिशत अनुदानमा |
| आधुनिक टाट्नो वितरण | ४९९००० | ५० प्रतिशत अनुदानमा |
| घाँस काट्ने मेसिन वितरण | ४९९७२० | ५० प्रतिशत अनुदानमा |
| डिपीङ ट्यांक खरिद | ५००००० | १०० प्रतिशत अनुदानमा |
| गाई भैंसीका लागि पोषण | ७६०००० | १०० प्रतिशत अनुदानमा |
| कृषि कार्यक्रमः | ७३८२५० | अनुदान प्रतिशत नखुलेको |
| विउ विजन अनुदान | | |
| तरकारी विकास कार्यक्रम आलु र निरन्तरता | १४६३६७२ | अनुदान प्रतिशत नखुलेको |
| धानबाली प्रबर्द्धन कार्यक्रम | २२०६७९ | अनुदान प्रतिशत नखुलेको |
| रैथानेबाली प्रबर्द्धन कार्यक्रम | ५३८८१० | अनुदान प्रतिशत नखुलेको |
| नयाँ वाली पकेट विकास कार्यक्रम | ९३६९५७ | अनुदान प्रतिशत नखुलेको |
| सिंचाई संरचना निर्माण | ४६७९०० | अनुदान प्रतिशत नखुलेको |
| मौरीपालन प्रबर्द्धन कार्यक्रम | १०४३२८८ | प्रदेशको ५० प्रतिशत अनुदानमा |
| कृषि उपज संकलन केन्द्र स्थापना | ९६०००० | प्रदेशको ५० प्रतिशत अनुदानमा |
| मौरीपालनका लागि सामान वितरण | ९६८११५ | ५० प्रतिशत अनुदानमा |
| ड्रागन फ्रुटको विरुवा वितरण | ५५०००० | ५० प्रतिशत अनुदानमा |

## ६७ विज्ञापन खर्च

विज्ञापन,पत्रपत्रिका तथा छपाईः स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा सरकारी रकम खर्च गर्दा मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउँनु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले यस बर्ष पत्रपत्रिका, विज्ञान छपाईमा मात्र रु १९,६१,७६०।खर्च गरेको देखियो।खर्च न्यूनिकरणका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकीएको व्यबस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट बार्षिक रुपमा सेवा खरिदको सम्झौता गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ६८ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नु पर्ने व्यबस्था उल्लेख छ।असोज देखि मंसर सम्मको नमुना छनौट लेखापरीक्षणमा पालिकाले विभिन्न प्रकारका वर्गहरु प्रति लक्ष्यित गरेर उक्त वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गरेबापतको भुक्तानीमा क्षमता विकास भन्दा पनि वितरणमुखी प्रकृयाका कार्यक्रमहरु संचालन भएको देखियो।क्षमता विकास तथा लक्ष्यित कार्यक्रमहरु बजेट तथा कार्यक्रमका लक्ष्य विपरित वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन।तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुजिबृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| १ | अन्य सामाजिक सहायता, काजकृया खर्च | १७००००० |
| २ | जेष्ट नागरिक सम्मान र स्वास्थ्य परीक्षण | ४५०००० २ भौचरको मात्र खर्च |
| ३ | विपन्न तथा अपाङ्गताका लागि बाख्रा वितरण | ३९९३८० २ भौचरको मात्र खर्च |
| ४ | सुत्केरी प्रोत्साहन भत्ता | ७५००० १ भौचरको मात्र खर्च |
| ५ | लक्षित वर्गलाई बीउ वितरण | ४००००० १ भौचरको मात्र खर्च |

## ६९ नाफामुलक संस्थालाई भुक्तानी

स्थानीय सरकार संचालन ऐन,२०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले नाफा कमाउँने उद्धेश्यले स्थापित संस्थालाई कार्यालय व्यबस्थापन खर्च तथा कार्यक्रम संचालनको खर्च अनुदान निम्न सहकारी संस्थालाई भुक्तानी गरेको देखियो।नाफामुलक संस्थालाई भुक्तानी भएको अनुदान खर्च रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ८४, ६।१३ | समता कृषि तथा पशुपालन सहकारी संस्था लि | कार्यालय व्यबस्थापन सामाग्री | ३९९६२० |
| ९६२, २।२९ | लामागुरु साना किसान कृषि सहकारी संस्था | कार्यालय व्यबस्थापन सामाग्री | ९९९९९ |
| १२१८,१२।१८ | कुमारी देवी सहकारी | भवन मर्मत तथा फर्निचर | १८०८७४ |
| १०८५, ३।१८ | प्रगतिशील म बचत तथा ऋण सहकारी | तालिम संचालन | ७६३२० |
| १०८४, ३।१८ | महिला शसक्तिकरण बचत तथा ऋण सहकारी | तालिम संचालन | १४४९०० |
| १०८३, ३।१८ | धादिङ बचत तथा ऋण सहकारी | सहकारी सम्मेलनको बील भुक्तानी | १९१२३६ |
| जम्मा | | | १०९२९४९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९२,९४९ |

## ७० सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा सोही नियमावलीको नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी निम्न आपुर्तिकर्ताबाट रु २९,९५,००७। को मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई थप प्रभावकारी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ । केही उदाहरण निम्न अनुसार रहेको छ ।

| भौ.नं र मिति | सप्लायर्स | विबरण | खर्च रकम |
|---|---|---|---|
| ४२५, १०।५ | नीलकण्ठ प्रेष एण्ड स्टेसनरी | स्टीच मेसिन १५ लयागत १२ आईटम्सका सामान | ४४५४४६ |
| ४२९, १०।५ | नीलकण्ठ प्रेष एण्ड स्टेसनरी | फोटोकपी पेपर लगायतका ४ आईटम्सका सामान | २५१९९० |
| २७९, ९।२५ | नीलकण्ठ प्रेष एण्ड स्टेसनरी | विभिन्न सामान | ४९११६५ |
| २७७, ९।२५ | नीलकण्ठ ट्रेड एण्ड सप्लायर्स | फोटोकपी पेपर लगायतका ३ आईटम्सका सामान | ४९८३३० |
| १८४, ९।२५ | सनराईज ईन्टरप्राईजेज | प्रिन्टर लगायत १६ आईटम्सका सामान | ४८४५०५ |

## ७१ दशैं बाटो मर्मत

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि दीर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने कुरा उल्लेख

छ।पालिकाले बार्षिक नीति तथा कार्यक्रम बजेट तयारी गरी प्रति वडा १० लाखको सिमा निर्धारण गरी वडा स्तरीय आकस्मिक मर्मत सम्भार कार्यका लागि नगर पालिका चालु शिर्षकबाट खर्च भुक्तानी गरेको देखियो।सडक मर्मत कार्यको स साना टुक्रा गरी खर्च गरेका मर्मत कार्य प्रतिस्पर्धा विधिबाट गर्नु पर्ने,स्थानीय आवश्यकताका आधारमा दिर्घकालिन योजना निर्धारण गर्नु पर्ने र यस्ता प्रकृतिका कार्यमा खर्चको बजेट नियन्त्रण गरी बर्षाको समयमा भएको मर्मत कार्यको स्थलगत भेरिफिकेशन गरी बास्तविक मर्मत कार्यमा खर्च भएको आश्वस्त भएपछि मात्र खर्च गर्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेको छ ।

| भौ नं र मिति | भुक्तानी | खर्च रकम |
|---|---|---|
| ४३२, १०।१२ | वडा नं ५ बाटो मर्मत उपभोक्ता समितिलाई | ७२७५०० |
| ३७१, ९।२६ | वडा नं २ बाटो मर्मत उपभोक्ता समितिलाई | ८७३००० |
| ४६७, १०।१७ | एस एस कन्स्ट्रक्शन वडा नं १२ | ६२९२४८ |
| ९०६, २।९ | वडा नं ११ बाटो मर्मत उपभोक्ता समितिलाई | १९४००० |
| ३३८, ९।२६ | वडा नं १ बाटो मर्मत उपभोक्ता समितिलाई | ६७९००० |
| ३३७, ९।२० | वडा नं ९ बाटो मर्मत उपभोक्ता समितिलाई | २९१००० |
| ३३६, ९।२० | वडा नं ११ बाटो मर्मत उपभोक्ता समितिलाई | ४८५००० |
| ३३२, ९।२० | वडा नं ७ गरीवी कन्स्ट्रक्शन | ३३१४८७ |
| ३१९, ९।१४ | वडा नं १४ लक्ष्मी निर्माण सेवा | ८१४४४५ |

७२ **कार्यक्रम प्रतिबेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ८ मा स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विबरण तथा विल भर्पाइ सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लावान्भित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिबेदन तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्न कार्यक्रम बापतको खर्च भुक्तानीमा कार्यक्रम प्रतिबेदन वेगर खर्चका वील भर्पाईका आधारमा भुक्तानी गरेको देखियो।तसर्थ कार्यक्रम सम्पन्नको प्रतिबेदन तथा कार्यसंग सम्बन्धित खर्चका आवश्यक वील भर्पाई र प्रमाणका आधारमा मात्र भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| भौ.नं र मिति | कार्यक्रम | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|
| ६०, ६।९ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ९५५६१९ | उपलब्धि सहितको कार्यक्रम प्रतिबरेदन नभएको |

| | | | |
|---|---|---|---|
| ४०३, १०।४ | दोस्रो कुपा खुल्ला नकआउट फुटवल तथा मिनि म्याराथुन | २००००० | कुन कुन मितिमा कुन खेल सम्पन्न कतिजना खेलाडी लगायतका विबरण सहितको कार्यक्रम प्रतिबेदन नभएको |
| ४१८, १०।४ | जिल्ला स्तरीय क्रिकेट खेल | ३२५००० | खर्चका बील भर्पाई मात्र संलग्न तथा खेलसंग सम्बन्धित विस्तृत विबरण सहितको कार्यक्रम प्रतिबेदन नभएको |
| ५३८, १०।४ | नगर तथा गाउँस्तरीय भलिवल प्रतियोगिता | १५००० | खर्चका बील भर्पाई मात्र संलग्न तथा खेलसंग सम्बन्धित विस्तृत विबरण सहितको कार्यक्रम प्रतिबेदन नभएको |

## ७३ पूँजिगत प्रकृतिको कार्य

सार्वजनिक खरिद ऐन,२०६३ को नियम २४(२ ) मा सरकारी रकम खर्च गर्दा साधनस्रोतको उच्चतम् प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी गर्नु पर्ने व्यबस्था उल्लेख छ।माघ र फागुन महिनाको नमुना छनौट भौचर परीक्षणमा पालिकाले देहाय अनुसारको निर्माणसंग सम्बन्धित कार्यहरुको खर्चलाई चालु शिर्षकमा समावेश गरी भुक्तानी गरेको देखियो ।पालिकाले उपयोगिता सृजना गर्ने, अधिकतम प्रतिफल दिने दीर्घकालिन योजनाहरुको छनौट गरी सिमित स्रोतको उच्चतम सदुपयोग तथा गुणस्तरका लागि निर्माणसंग सम्बन्धि कार्यलाई पूँजिगत शिर्षकमा समावेश गरी भुक्तानी गर्नुपर्दछ ।

| भौ.नं र मिति | कार्य | खर्च रकम |
|---|---|---|
| ४६५, १०।१७ | ७ नं वडा कार्यालय घेरावार तथा स्तरउन्नति कार्य | ९५०८९२ |
| ४६९, १०।१७ | ७ नं वडाको स्वास्थ्यचौकी भवन तला थप कार्य | ७९२१३६ |
| ५१८, ११।५ | वडास्तरीय विद्यूतिकरण कार्य | ४८५००० |
| ५९८, ११।२६ | ८ नं वडा कार्यालय परिसर निर्माण कार्य | ९६७८३३ |

## ७४ आन्तरिक लेखापरीक्षणबाट औंल्याएका बेरुजू कायम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले देहाय बमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरू अन्तिम लेखापरीक्षण सम्म असुल फस्यौंट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा यकिन गरी निम्नानुसार कायम गरिएको छ ।

### ७४.१ सैद्धान्तिक व्यहोराहरु

| सि.नं. | व्यहोराहरू |
|---|---|
| १ | कार्यालयले अतिथि सत्कार खर्चमा १३६।२०७९।०७।०२ बाट रु.५६,८२५।- बजेट खर्च गरेको देखिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा |

| | |
|---|---|
| | ३९(घ) मा आर्थिक कारोवार गर्दा सोको औचित्य पुष्टि हुनुपर्ने उल्लेख गरेको छ । तसर्थ सो कारोवारको औचित्य पुष्टि हुने आधार नभएकोले नियमसम्मत मान्न सकिएन । |
| २ | २५।२०७९।०५।१६ सालबोटे महिला समूह तथा भवन निर्माण उपभोक्ता समितिले पेश गरेको विन्दुकेशर फर्निचर उद्योगको विलमा PAN Number/VAT उल्लेख नभएकोले दर्ता भई कर तिरेको सम्बन्धमा यकिन हुन सकिएन । |
| ३ | ७१।२०७९।०५।१७ डाँडागाउँ कोसि खोला गोर्खालिटार सडक निर्माण उपभोक्ता समितिको रु.७५६८९२।- को विल भुक्तानीमा उपभोक्ता समितिको काममा हेभिइक्विपमेन्ट मेशिनको मात्र प्रयोग भएकोले नियमसम्मत मान्न सकिएन । |
| ४ | १८६।२०७९।१०।०४ कन्टिन्जेन्सीबाट रु.३८,०५०।- चालु प्रकृतिको खर्च भएकोले यस्ता खर्चमा नियन्त्रण गरिनुपर्दछ । |
| ५ | २९८।२०७९।१२।०३ मर्मत संभार कोष बजेट शीर्षकबाट उपभोक्ता समिति मार्फत रु.५,१०,८६०।- को खरिद गरिएको नियमसम्मत मान्न सकिएन । |
| ६ | ५९१।२०८०।०३।१४ कार्यालयले लागत अनुमान तयार नगरी कन्टिन्जेन्सीबाट रु.१,१०,६१९।- को चालु खर्च गरेको नियमसम्मत मान्न सकिएन । |
| ७ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१,००,०००।- भन्दा बढीको सार्वजनिक खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले फर्निचर तथा फिक्चर्स बजेट खर्च शीर्षकमा लागत अनुमान तयार नगरिकन भौ.नं. ७१५।२०८०।०३।२१ बाट रु.१,५७,१६०।-बजेट खर्च गरेको नियमसम्मत मान्न सकिएन । |
| ८ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१,००,०००।- भन्दा बढिको सार्वजनिक खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले तारुखर्क रम्तेल सेवा समाज भाडाकुडा खरिद बजेट खर्च शीर्षकमा लागत अनुमान तयार नगरी भौ.नं. ८१९।२०८०।०३।२३ बाट रु.१,९७,५००।- बजेट खर्च गरेको नियमसम्मत मान्न सकिएन । |
| ९ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार कार्यालयले खरिद कार्य गर्दा लागत अनुमान तयार गरी मात्र गर्नुपर्दछ । तर कार्यालयले लागत अनुमान तयार नगरी भौ.नं. २०७।२०७९।०८।१८ बाट रु.२,०७,४२३।- को मर्मत संभार खर्च गरेको छ । तसर्थ सो खर्च नियमसम्मत मान्न सकिएन । |
| १० | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१,००,०००।- भन्दा बढीको सार्वजनिक खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले विविध चालु खर्च |

| | |
|---|---|
| | बजेट शीर्षकमा लागत अनुमान तयार नगरी भौ.नं. ७०१।२०७९।१२।१६ बाट रु.१,६९,२६१।- बजेट खर्च गरेको नियमसम्मत मान्न सकिएन । |
| ११ | अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ मा यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ। तर कार्यालयले महिला सशक्तिकरण बजेट खर्च शीर्षकमा भौ.नं. ७७९।२०८०।०१।०६ बाट सहभाहरूलाई यातायात खर्च गरेकोमा रु.६०,०००।- बढी यातायात खर्च गरेको देखिन्छ, जसको कारण कार्यालयलाइ रु.६०,०००।- बढी व्ययभार परेको छ । |
| १२ | परिवर्तनको लागि महिला मन्च नेपालले आयोजना गरेको कार्यक्रममा मापदण्ड भन्दा बढि भौ.नं. ९७१।२०८०।०२।३० बाट रु.४,०००।- बढि अनुगमन खर्च गरेकोले कार्यालयलाई रु.४०००।- बढी व्ययभार परेकोले नियमसम्मत मान्न सकिएन । |
| १३ | फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन तालिम बजेट खर्च शीर्षकमा पालिकाले वजेट खर्च गरी भौ.नं. १००९।२०८०।०३।२५ वाट भुक्तानी गरेको देखिन्छ । सो भुक्तानीमा अनुगमन खर्च वापत भुक्तानीमा मापदण्ड भन्दा रू.७०००।- बढी भुक्तानी भएको देखिन्छ । पालिकालाई अनुगमन भत्ता वापत रु.७०००।- बढी व्ययभार परेको देखिन्छ । पालिकाले यस्ता खर्चहरुमा नियन्त्रण गरिनुपर्दछ । |
| १४ | सोही कार्यक्रममा सहभागि भत्ता वापत अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका २०७७ को मापदण्ड विपरित रु ३०० को दरले रु २५८०० बढि व्ययभार परेको देखिन्छ । पालिकाले यस्ता खर्चहरुमा नियन्त्रण गरि पालिकाको व्ययभार कम गरिनुपर्दछ । |
| १५ | महिला सशक्तिकरण तथा नेतृत्व बिकास तालिम बजेट खर्च शीर्षकमा भौ.नं. ११०५।२०८०।०३।२० वाट पालिकाले वजेट खर्च गरेकोमा अनुगमन खर्चमा रु.१२,५००।- र यातायात खर्चमा रु.६१,६००।- बढी व्ययभार परेको देखिन्छ, पालिकाले यस्ता खर्चहरुमा मितव्ययिता कायम गर्नुपर्दछ । |
| १६ | अन्य सामाजिक सहायता बजेट खर्च शीर्षकमा भौ.नं. ११०९।२०८०।०३।२० वाट पालिकाले वजेट खर्च गरेकोमा यातायात खर्च मापदण्ड भन्दा बढ भएकोले रु.६८,०००।- बढी व्ययभार परेको देखिन्छ, पालिकाले यस्ता खर्चहरुमानियन्त्रण गरिनुपर्दछ । |

७४.२ २८।२०७९।०५।१६ बाट अमारे बदाल गैरी कुलो निर्माण योजनाको विल भुक्तानीमा अधिकारी हार्डवेयर सेन्टरले जारी गरेको रु.९७,९७१।- को विलमा 12 mm र 10 mm मात्र उल्लेख भएकोमा सो नियमसम्मत मान्न सकिएन त्यसैले कर समायोजन पत्र पेश गर्नुपर्ने साथै सोहि योजनाको विल भुक्तानीमा बहाल कर कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

७४.३ ६२।२०७९।०५।१७ बाट दारिगौडा ढावेराजदलटोल सडक उपभोक्ता समितिको विल भुक्तानीमा बहाल कर कम कट्टा भएकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००० |

७४.४ ७६।२०७९।०५।१७ बाट हटिया सामुदायिक भवन उपभोक्ता समितिको विल भुक्तानीमा बहाल कर कम कट्टा गरेकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५० |

७४.५ १८।२०७९।०५।१६ बाट चौतारा व्यवस्थापन तथा राष्ट्रिय झण्डा स्थापना समितिको विल भुक्तानीमा बहाल कर कम कट्टा गरेकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९५ |

७४.६ २।२०७९।०५।१६ वाट लम्साल गाउ सार्की गाउ खानेपानि निर्माण उपभोक्ता समितिको बिल भुक्तानीमा अग्रिम आयकर कम कट्टा भएकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८४ |

७४.७ ११२।२०७९।०६।०९ देविस्थान सडक कुमाल गाउँ योजनाको उपभोक्ता समितिलाई भुक्तानी गरेको बिल भुक्तानीमा प्रतिभा निर्माण सामग्री ढुवानी सेवाले रु.३६,०००।- को प्यान बिल पेश गरेकोले रु.४,८६०।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८६० |

७४.८ ९४।२०७९।०५।१७ बाट वडा नं ५ मा स्तरीय विविध पूर्वाधार मर्मत उपभोक्ता समितिकोको बिल भुक्तानीमा पुर्णत हेभि इक्विपमेन्टको प्रयोग गरी रु.४,५३,१८३।- बजेट खर्च गरिएको नियमसम्मत मान्न सकिएन साथै सोही भुक्तानीमा अग्रिम आयकर कम कट्टा भएकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९८ |

७४.९ ६१।२०७९।०६।०९ बाट न्यु दाजुभाई रेष्टुरेन्ट एन्ड लजले पेश गरेको बिलमा रु.२०,०००।- को ३ वटा बिल पेश गरी रु.६०,०००।- भुक्तानी लगेकोमा १.५% प्रतिशतको दरले अग्रिम आयकर कम कट्टा भएकोले रु.८१००।- उक्त फर्मसँग असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१०० |

७४.१० ८७।२०७९।०५।१७ बाट आसीखोला लिफ्टिङ खानेपानी योजनाको बिल भुक्तानीमा रनदेवि ग्रिल ऊद्योगले रु.३०,०००।- को प्यान बिल पेश गरेकोले सो नियमसम्मत मान्न सकिएन, तसर्थ कम आयकर कट्टा भएकोले रनदेवि ग्रिल उद्योगसँग रु.४०५०।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०५० |

७४.११ १२६।२०७९।०६।१४ बाट धादिङ्ग उद्योग वाणिज्य संघ पार्क निर्माण उपभोक्ता समितिको भुक्तानीमा बहाल कर कम कट्टा भएकोले असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१८० |

७४.१२ विद्यार्थी परिषद् नेपालको कार्यक्रममा नारायण प्रसाद ढकालले भौ.नं. ६२।२०७९।०६।०९ बाट प्रशिक्षक खर्चको रुपमा रु.८,०००।- भुक्तानी लगेकोमा पारिश्रमिक कर कट्टा नगरेकोले सम्बन्धितबाट रु.१,२००।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०० |

७४.१३ नगरपालिका कार्यालयको नाममा ब्याक हो लोडर मर्मत तथा सर्भिसिङको लागि २०७९।०५।०६ गतेदेखि २०७९।०५।१४ सम्म खाना तथा बास खर्च वापत भौ.नं. ६४।२०७९।०६।०९ बाट रु.११,१००।- को बजेट खर्च गरेकोमा ब्याक हो लोडर मर्मतको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१०० |

७४.१४ मेशिनरी तथा औजार मर्मत सम्भार खर्च शिर्षकमा १८७।२०७९।०७।२८ बाट बजेट खर्च भएको देखिन्छ । मर्मत संभार तथा संरक्षण अभिलेख खातामा भएको जोड जम्मा भन्दा रू.३०,९२८।- बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,९२८ |

७४.१५ सोफा खरिद तथा फ्रेम खरिद र विविध खर्च गरेवापतको रकम सम्बन्धित सप्लायर्सलाई भुक्तानी गर्नुपर्नेमा भौ.नं. १९७।२०७९।०८।१८ बाट रु.६६,८३५।- व्यक्तिको खातामा चेक काटेको नियमसम्मत मान्न सकिएन, सो खरिद कार्यालय प्रयोजनको लागि भएको हो भनि प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,८३५ |

७४.१६ भौ.नं. १७८।२०७९।०७।२७ बाट भुक्तानी भएको चालु खर्चको प्रयोजन नखुलेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८०० |

७४.१७ चितवन ट्रेक्टर पार्टसलाई भौ.नं. ४०८।२०७९।१०।०४ बाट मर्मत संभार अभिलेख खाता अनुसार रु.५२,११२।- भुक्तानी हुनुपर्नेमा रु.५३,६१२।- भुक्तानी भएकोले रु.१५००।- सम्बन्धित फर्मसँग असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०० |

७४.१८ ८१५।२०८०।०१।०४ निरोज दाहाललाई सञ्चित बिदा वापतको रकम भुक्तानी भएकोमा सो को कार्यविधि नबनाइ गरेको भुक्तानी नियमसम्मत नभएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५२,८८४ |

७४.१९ २०२।२०७९।०८।१८ सीता कृषि तथा पशुपालन फर्मलाई भुक्तानीमा बहाल कर रु.५,८००।- कटाउनुपर्नेमा रु.३,७५०।- काटेकोले रु.२०५०।- कर कम कट्टा भएको देखिन्छ तसर्थ सीता कृषि तथा पशुपालन फर्मसँग रु.२०५०।- असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०५० |

७४.२० कार्यालयले मसलन्द तथा कार्यालय सामग्री दिपविर ट्रेडर्स सग खरिद गरेकोमा २०८।२०७९।०८।१९ बाट रु.५२,४७५।- भुक्तानी गरेको छ । तर दाखिला प्रतिवेदन अनुसार रु.३३,८७५।- को मात्र खरिद गरेको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रु.१८,६००।- दिपविर ट्रेडर्ससँग असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,६०० |

७४.२१ ६२५।२०७९।११।२७ बाट उत्सव घिमिरेलाई सवारी साधन तथा मेशिन औजार भाडा भुक्तानीको भएकोमा कागजपत्र पेस नभएकोले सो पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,७०० |

७४.२२ सहकारी अभिमूखिकरण कार्यक्रम बजेट शीर्षकमा पालिकाले भौ.नं. ९९५।२०८०।०३।०४ बाट बजेट खर्च गरेको देखिन्छ । उक्त कार्यक्रममा वितरण भएको सहभागी भत्ता रु.२९,७००।- अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिकाको मापदण्ड भन्दा बढी रहेको छ । जसले कार्यालयमा थप व्ययभार परेको देखिन्छ । पालिकाले मापदण्ड बमोजिम यस्ता खर्च गरिनुपर्दछ । साथै सोहि कार्यक्रममा कार्यपत्र प्रस्तुत गरी प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा प्रति सेशन कार्यपत्र देखिदैन । कार्यपत्र प्रस्तुति पछि मात्र प्रशिक्षण भत्ता उपलब्ध गराउनुपर्दछ । साथै सोही कार्यक्रममा अनुगमन भत्ता वितरण गरेकोमा ४ जनाले रु.८५०।- को दरले बुझिलिएको नदेखिएको हुँदा सम्बन्धितहरुलाई सो भत्ता वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४०० |

७४.२३ मेलमिलापकर्तालाई लोगो सहितको ब्याग खरिद गरी बजेट शिर्षकमा भौ.नं. ९५६।२०८०।०२।२८ बाट रु.९९,४४०।- बजेट खर्च गरेकोमा ४५ वटा ब्याग वितरणको भर्पाई पेश नभएकोले व्याग वितरणको भर्पाइ पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,४४० |

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष: २०७९/८०**

**कार्यालय र स्थान : नीलकण्ठ नगरपालिका, धादिङ ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिनेश राज पन्त | २०७९-३-२० | २०८०-१-१० |
| कार्यालय प्रमुख | पुरुषोतम सुवेदी | २०८०-१-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आर्जन श्रेष्ठ | २०८०-४-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भुमिराज श्रेष्ठ | २०७५-१२-१० | २०८०-४-२१ |

**बेरुजु वर्गीकरण:**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७९९,७१० | ४,६१६,७३६ | २,७०७,७५३ | ० | ० | ४,७१४,७७१ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १४,८३८,९७० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २०९,२१५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १४,६२९,७५५ |

**स्थानीय तह:**

| **गत बर्षको जिम्मेवारी** | | ४०६२०८०७८.५३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७०५५८७८०० | **चालु खर्च** | ७२३९२४३१२.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ११४८६५००० | **पूँजीगत खर्च** | ४४७१३६०४७.०१ |
| **राजश्व बाँडफाँट** | १६००६०९७५.८ | **वित्तीय/अन्य व्यवस्था** | ४३१११८७१८.०२ |
| **आन्तरिक आय** | ३७९७३६२९.०१ | | |
| **अन्य आय** | ३७८६५५११७.४२ | | |
| **कुल आय** | १३९७१४२५२२.२३ | **कुल खर्च** | १६०२१७९०७७.४३ |
| **बाँकी मौज्दात** | | २०११७१५२३.३३ | |